राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०४ | २०८२ चैत्र २५ गते बुधवार | (Wednesday, 8 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### छानबिन समितिको सिफारिस गिज्याइँदै

# सम्झौताविपरीत उत्खनन्, ठेकेदार अझै उन्मुक्त

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, चैत्र २४ गते ।*

धनुषाको बटेश्वर गाउँपालिका-१ स्थित बडहडी खोलामा सम्झौताविपरीत उत्खनन् गर्ने ठेकेदारलाई हालसम्म कुनै कारबाही भएको छैन । दुई वर्षअघि नदीजन्य पर्दा उत्खननको जिम्मा पाएको बर्दीबासस्थित पञ्चधुरा सप्लायर्सलले मापदण्ड उल्लंघन गर्दै जथाभावी खोला उत्खनन गरेको पाइएको थियो ।

समाचार सार्वजनिक भएपछि २८ जेठ २०८१ मा जिल्ला समन्वय समिति धनुषाले अधिकृत युगेश्वरकुमार यादवको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिले सप्लायर्सले सम्झौताविपरीत अवैध उत्खनन गरेको निष्कर्ष निकाल्दै कारबाहीका लागि गाउँपालिकालाई सिफारिस गरेको थियो । तर हालसम्म कुनै कारबाही भएको छैन । उल्टै, त्यतिबेला अवैध रूपमा संकलन गरिएको हजारौं घनमिटर ग्राभेल स्टकसमेत



सप्लायर्स र क्रसर समूहले उठाएर लगेको खुलेको छ ।

गाउँपालिकाले ६ फागुन २०८० मा १४ हजार ४४५ घनमिटर उत्खननका लागि २७ लाख रुपैयाँभन्दा बढीमा ठेक्का दिएको थियो । तर प्रतिवेदनअनुसार ७ चैतमै सो परिमाणभन्दा बढी उत्खनन भइसकेको थियो । खोलाभरि ढुंगा, गिट्टी र बालुवा जथाभावी निकालिएको तथा मापदण्ड उल्लंघन गरिएको देखिएको छ । सम्झौताभन्दा पाँच गुणासम्म बढी उत्खनन भएको तत्कालीन प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले बताए ।

जिल्ला समन्वय समिति धनुषाका अध्यक्ष राजनन्दन मण्डल त्यस बेला स्टक जफत गरेर कारबाही गर्न पालिका अध्यक्ष रामआशिष

*- बाँकी पृष्ठ ३ मा*

# अर्थतन्त्रको लागत घटाउने प्रस्तावमा मुख्यमन्त्री यादव मौन

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, चैत्र २४ गते ।*


मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले अर्थतन्त्रको लागत घटाउन सक्ने भन्दै पेश गरिएको प्रस्तावप्रति चासो नदेखाएको आरोप लागेको छ । प्रस्तावक धर्मेन्द्र कुमार कर्णले भेटघाट तथा छलफलका लागि पठाएको पत्रमा तोकिएको समयभित्र कुनै प्रतिक्रिया नआएपछि यस्तो आरोप सार्वजनिक भएको हो ।

कर्णले चैत्र २० गते मुख्यमन्त्री यादवलाई सम्बोधन गर्दै अर्थतन्त्रको लागत घटाउने र रोजगारी सिर्जना गर्ने उद्देश्यसहितको प्रस्तावमा छलफल गर्न ४८ घण्टाभित्र भेटका लागि समय उपलब्ध गराउन अनुरोध गरेका थिए । उनले मुख्यमन्त्रीको हैसियत, प्रदेश सांसदको भूमिका वा एक लोकतान्त्रिक नेताका रूपमा सहयोग गर्न आग्रह गरेका थिए ।

पत्रमा स्पष्ट रूपमा भनिएको थियो– तोकिएको समयभित्र प्रतिक्रिया प्राप्त भए प्रस्तावबारे थप स्पष्टिकरण दिने, अन्यथा इन्कार गरेको ठानी आफ्नै पहलमा अगाडि बढ्ने। तर, निर्धारित समयसीमा बितिसक्दा पनि मुख्यमन्त्री कार्यालयबाट कुनै प्रतिक्रिया नआएको कर्णको भनाइ छ ।

कर्णका अनुसार, उक्त प्रस्तावले न केवल व्यक्तिगत जीविकोपार्जनमा टेवा पुऱ्याउनेछ, बल्कि अन्यका लागि रोजगारी सिर्जना गर्दै प्रदेश तथा देशकै अर्थतन्त्रमा सकारात्मक योगदान दिने अपेक्षा गरिएको छ । विशेषतः माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रदान गर्दै परम्परागत शिक्षण विधिबाट

*- बाँकी पृष्ठ ३ मा*




# महोत्तरीमा दुई मोटरसाइकल ठोकिँदा आगलागी

### तीन विद्यार्थीको जलेर मृत्यु



**एसके सिंह**

**गौशाला, चैत्र २४ गते ।**

महोत्तरीमा दुई मोटरसाइकल आपसमा ठोकिएर आगो लाग्दा तीन जना विद्यार्थीको जलेर मृत्यु भएको छ । माध्यमिक शिक्षा परीक्षा (एसईई) दिएर घर फर्किने क्रममा जिल्लाका तीन किशोरको मंगलबार जलेर मृत्यु भएको प्रहरीले जनाएको छ । एकडारा गाउँपालिका-५, गेना बथनहामा दुईवटा मोटरसाइकल आपसमा जुधेर सल्किएको आगोले जलेर उनीहरूको मृत्यु भएको हो । जलेश्वर नगरपालिका-६ का छात्रहरू परीक्षा दिन गएका थिए । उनीहरूका केही साथी भने परीक्षा हेर्न पुगेका थिए । परीक्षा सकिएर फर्किने क्रममा घटना भएको हो । दुर्घटनापछि मोटरसाइकलको ट्यांकी फुटेर पेट्रोल पोखिएकाले आगलागी भएको प्रत्यक्षदर्शीले बताए । प्रहरीका अनुसार तीन किशोरको घटनास्थलमै मृत्यु भएको थियो । दुर्घटनापछि जलेका मोटरसाइल र किशोरका शव सडकमै थिए । दुर्घटनामा अन्य तीन जना गम्भीर घाइते भएको जिल्ला प्रहरीले जनाएको छ ।

तीव्र गतीमा चलाइएका दुवै मोटरसाइकल अनियन्त्रित भएर आपसमा जुभ्दा दुर्घटना भएको प्रत्यक्षदर्शीले जानकारी गराएको जिल्ला प्रहरीका प्रहरी निरीक्षक विश्वम्भरनाथ साहले बताए । मोटरसाइकल जुधेपछि ट्यांकीबाट पेट्रोल पोखिएर आगलागी भएको थियो । त्यही आगोले घाइतेलाई चपेटमा पारेको उनले बताए ।

प्रहरीका अनुसार एसईई दिएर फर्किरहेका चार जना सुपर स्पेलेन्डर मोटरसाइकलमा सवार थिए । त्यस्तै एसईई परीक्षा हेर्न पुगेका दुई जना अपाचे ब्रान्डको मोटरसाइकलमा सवार थिए ।

*- बाँकी पृष्ठ ३ मा*

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# सञ्चार क्षेत्रलाई कमजोर नबनाऊ

सरकारको नीतिगत निर्णयले कहिलेकाहीँ अपेक्षाभन्दा फरक सन्देश दिन्छ–यतिबेला सञ्चार क्षेत्रले त्यही अनुभूति गरिरहेको छ । व्यापक जनसमर्थनसहित गठन भएको वर्तमान सरकारले सबै सञ्चार माध्यमप्रति समान व्यवहार गर्ने अपेक्षा थियो । तर हालैको सरकारी विज्ञापनसम्बन्धी निर्णयले त्यो अपेक्षामा प्रश्न उठाएको छ । नेपालमा सञ्चार माध्यमको आर्थिक मेरुदण्ड विज्ञापन नै हो । निजी क्षेत्रबाट आउने विज्ञापन सीमित छ, किनकि औद्योगिक र व्यावसायिक क्षेत्र अपेक्षाअनुसार विकसित हुन सकेको छैन । यस्तो अवस्थामा सरकार नै सञ्चार माध्यमका लागि प्रमुख आधार बन्ने गरेको छ । उपलब्ध तथ्याङ्क अनुसार सरकारी विज्ञापनको वार्षिक आकार अर्बौं रुपैयाँको भए पनि त्यसको उचित वितरण हुन सकेको छैन । ठूलो हिस्सा विज्ञापन एजेन्सी र प्रक्रियागत तहमा सीमित हुँदा वास्तविक सञ्चार माध्यम, विशेषत: मोफसलका पत्रिका, न्यूनतम हिस्सामा सीमित छन् ।

मोफसलका सञ्चार माध्यमहरूको अवस्था अझै चिन्ताजनक छ । सीमित स्रोत, न्यून वितरण र कमजोर बजारका बीच पनि ती पत्रिकाहरूले स्थानीय जनताका आवाज, समस्या र सरोकारलाई निरन्तर उजागर गर्दै आएका छन् । उनीहरू केवल व्यवसाय होइनन्–जनता र सरकारबीचको लोकतान्त्रिक सेतु हुन् । यस्तो अवस्थामा सरकारी विज्ञापनको पहुँच घटाउने वा असमान वितरण गर्ने निर्णयले तिनको अस्तित्व नै संकटमा पार्न सक्छ ।

लोकतन्त्रमा स्वतन्त्र र सबल सञ्चार माध्यमको भूमिका अपरिहार्य हुन्छ । सञ्चार माध्यम बलियो हुँदा मात्र सरकारका कामकारबाही पारदर्शी, उत्तरदायी र प्रभावकारी बन्छन् । त्यसैले सञ्चार क्षेत्रलाई कमजोर बनाउने कुनै पनि नीति दीर्घकालीन रूपमा स्वयं सरकारकै लागि घातक हुन सक्छ ।

यसका साथै, नीतिगत असंगतिहरू पनि देखिएका छन् । एकातिर सरकारले निश्चित उद्योगलाई सञ्चालन, कर संकलन र उपभोगमा अनुमति दिन्छ, अर्कोतिर तिनै उद्योगसँग सम्बन्धित विज्ञापनलाई सञ्चार माध्यममा निषेध गरिन्छ । यस्तो द्वन्द्वात्मक नीति सञ्चार क्षेत्रको अर्थतन्त्रमा थप दबाब सिर्जना गर्ने कारक बनेको छ । त्यसैले अबको आवश्यकता स्पष्ट छ–सरकारी विज्ञापन वितरणमा पारदर्शिता, समानता र न्याय सुनिश्चित गरिनुपर्छ । सञ्चार माध्यमको पहुँच, प्रभाव र विश्वसनीयताका आधारमा वस्तुनिष्ठ मापदण्ड तय गरी सबैलाई समान अवसर दिनु जरुरी छ । विशेषत: मोफसलका सञ्चार माध्यमलाई संरक्षण र प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्नुपर्छ, ताकि उनीहरूले आफ्नो सामाजिक दायित्व निर्वाह गर्न सकून् । जनताको सूचनाको अधिकार सुनिश्चित गर्ने, लोकतन्त्रलाई सुदृढ बनाउने र सञ्चार माध्यमको दिगोपन कायम गर्ने उद्देश्यले सरकारले आफ्नो निर्णयमा परिमार्जन गर्नु अपरिहार्य देखिन्छ । सञ्चार क्षेत्रलाई कमजोर बनाउने होइन, सशक्त बनाउने दिशामा अघि बढ्नु नै आजको आवश्यकता हो ।

## राशिफल

मेष – प्रभाव जमाउन सकिनेछ ।
वृष – स्वास्थ्यमा ध्यान पुर्याउनुहोला ।
मिथुन – व्यापारमा निकै फाइदा हुनेछ ।
कर्कट – लगानी बढाउनुपर्ला ।
सिंह – काममा बाधा पुग्नेछ ।
कन्या – खर्च हुने डरले सताउन सक्छ ।
तुला – काममा पछि परिनेछ ।
वृश्चिक – नोक्सान हुने देखिन्छ ।
धनु – खर्च हुने डरले सताउन सक्छ ।
मकर – बेवास्ता गर्दा दु:ख पाइनेछ ।
कुम्भ – अप्ठ्यारोमा पार्न सक्छ ।
मिन – उपयोगबाट विशेष फाइदा हुनेछ ।

# प्रधानमन्त्रीका तीन चुनौती



नयाँ प्रधानमन्त्रीको चुनौती भनेको रास्वपाको वाचापत्रमा भएको आर्थिक वृद्धि हासिल गर्नु मात्र नभएर उदारवादी आर्थिक संरचनामा आर्थिक असमानतालाई न्यूनीकरण गर्न सक्नु पनि हो ।



डा. सृष्टि राणा

डा. सृष्टि राणा

*विचार*

नेपालका प्रधानमन्त्री बालेन्द्र शाहको केही समय अगाडि सपथ ग्रहण हुँदा, मलाई केही विदेशी प्रोफेसरहरूले उनका बारेमा सोधे । धेरै देशहरूमा राजनीतिक प्रियतावादको लहर चलेकाले उनीहरूले बालेन शाहको उदयलाई त्यसरी नै बुझेका रहेछन् । विदेशीहरूको अगाडि, त्यो पनि विदेशमा, नेपाल र नेपालीहरूको राम्रो मात्र कुरा भन्न मन लाग्दो रहेछ । त्यसैले मैले हाम्रा नयाँ युवा प्रधानमन्त्रीको सकेसम्म तारिफ गरें ।

मैले उनीहरूलाई बालेन साहको उदय प्रियतावादी लहरभन्दा पनि राजनीतिमा युवा नेतृत्वको लहरको रूपमा बुझ्न आग्रह गरें । धेरैले उनलाई सफा नियत भएको इमानदार व्यक्तिको रूपमा बयान गर्ने कुरा पनि सुनाएँ । राजनीति गर्ने भन्दा जनताका लागि काम गर्ने उनको छवि भएकाले धेरै जनताले उनलाई रोजेको कुरा बुझाएँ । तर विदेशी प्रोफेसरहरूले मबाट अलि आलोचनात्मक टिप्पणीको आश गरेका थिए ।

विश्वभरका उदाहरण हेर्दा क्रान्ति वा विद्रोहपछिका परिणाम अपेक्षा गरे जस्ता सकारात्मक छैनन् । संरचनात्मक चुनौतीहरूले गर्दा प्राय: विकासशील देशहरूमा क्रान्ति वा विद्रोहले जनताको दैनिक जीवनमा आशा गरेजस्तो सकारात्मक परिवर्तन ल्याउन सकेको छैन ।

पछिल्लो समयमा अरब क्रान्तिलाई यसको उदाहरणको रूपमा प्रस्तुत गरिन्छ । 'यस्तो अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा नेपाल कसरी अपवाद होला र ?', भनेर उनीहरूले मलाई प्रश्न गरे । फेरी उनीहरूलाई बालेन शाह दक्षिणपन्थी प्रयतावादी लहरको उपज हो कि भन्ने शंका पनि लागेको रहेछ । मैले भने नेपालको वि.स २००७ सालदेखि पटक पटक भएका क्रान्तिहरूको पृष्ठभूमि सुनाएर आफ्नो प्रतिवाद गरें ।

क्रान्तिहरूको विशिष्ट परिवेश भएकाले नेपाली जनताहरू अरू देशका जनताहरूभन्दा सशक्त छन्, त्यसैले नेपालमा अहिलेको परिवर्तन प्रगतिशील नै हुन्छ भनेर उनीहरूसँग तर्क गरें । मेरो तर्कबाट विश्वस्त भएर ती प्रोफेसरहरूले पश्चिममा लोकतन्त्र, विशेष गरेर अमेरिकामा पनि नेपालमा जस्तै नैतिकवान युवा नेतृत्वको खाँचो छ भने । मैले दृढता पूर्वक 'नेपालमा अब जे हुन्छ, राम्रै हुन्छ' भनेर तर्क त गरें । तर भोलि त्यसो भएन भने ती प्रोफेसरहरूले मेरो विश्लेषण कति कमजोर रहेछ भनेर खिसी गर्लान् कि भन्ने चिन्ता पनि लाग्यो । त्यसैले आफ्नो विश्वसनीयता जोगाउन भएपनि नेपालका नयाँ प्रधानमन्त्री सफल होऊन् भन्ने मेरो शुभेच्छा छ ।

एउटा युवा, हाँस्न, खेल्न, घुम्न अनि गाउन छोडेर देशमा केही गर्छु भनेर लागेका छन्, फेरि नेपाली जनताले पनि उनलाई असीम विश्वास र भरोसा गरेका छन् । उनी हाम्रो देशका अधिकांश युवाहरूले रुचाएका व्यक्ति हुन् । उनी सफल भए भने, सबै युवाहरू सफल हुन्छन् । युवाहरू सफल भए भने, देश कसरी असफल रहन सक्ला र ? त्यसैले सफल हुनको लागि उनले सम्बोधन गर्नु पर्ने तीन मुख्य चुनौती छन् ।

**कर्मचारीतन्त्रको बाधा अवरोध**

बेलायतका टोनी ब्लेयरले प्रधानमन्त्री भएपछि आफ्नो भाषणमा भनेका थिए- 'मैले प्रधानमन्त्री भएपछि थाहा पाएको सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको प्रधानमन्त्रीले निर्णय गर्दैमा वा आदेश दिँदैमा त्यो कुरा लागु हुन्छ भन्ने छैन ।' नेपालको हकमा पनि यो कुरा कति सही छ भनेर त हामीले विगतमा कयौं उदाहरण देखेका छौं ।

नयाँ प्रधानमन्त्रीलाई सफल हुनबाट रोक्ने सबैभन्दा ठूलो बाधक कर्मचारीतन्त्र हो । गिरिजाप्रसाद कोइरालादेखि पुष्पकमल दाहाल र केपी शर्मा ओली समेत आफ्ना क्षमताका कारण असफल भएका होइनन् । सुरुका दिनहरूमा उनीहरूको नियत पनि देश बनाउने नै देखिन्छ । तर, कर्मचारीतन्त्रमा आवश्यक सुधार ल्याउन नसक्दा उनीहरू आफ्ना उद्देश्य प्राप्त गर्न असफल भए । विश्वभर नै कर्मचारीतन्त्र आमूल परिवर्तनको बाधक मानिन्छ ।

किनभने, यो संरचनात्मक रुपमै त्यसको लागि बनेको हुँदैन । कर्मचारीहरूलाई अर्को निर्वाचन लड्नुपर्ने बाध्यता पनि हुँदैन । त्यसैले संसारभर कर्मचारीतन्त्रले यथास्थितिवादलाई नै प्रश्रय दिन्छ भन्ने मान्यता छ ।

नेपालमा पनि त्यस्तै भयो । यसले गर्दा जनताले चाहेका परिवर्तनहरू विगतका नेतृत्वले दिन सकेनन् । तर, यो बृहत् संरचनात्मक समस्याको साथै नेपालको कर्मचारीतन्त्रका आफ्नै विशिष्ट समस्याहरू छन् । नेपालको कर्मचारीतन्त्र (यसमा न्यायालय र सुरक्षा निकायहरू पनि पछि छैनन)ले जहिले पनि सम्पूर्ण रूपमा शासक वर्गको हितमा मात्रै काम गर्‍यो ।

आम जनतालाई यसले जहिले पनि प्रताडित नै गरेको महशुस गराएको छ । यस पृष्ठभूमिमा नयाँ प्रधानमन्त्रीको सबैभन्दा मुख्य चुनौती भनेको कसरी कर्मचारीतन्त्रलाई शासकबाट जनताको सेवक बनाउनु हो । साथै कसरी सरकारी सेवालाई निजी क्षेत्रको सेवा जस्तै चुस्त र प्रभावकारी बनाउने भन्ने चुनौती पनि उत्तिकै छ । यदि नयाँ प्रधानमन्त्रीले कर्मचारीतन्त्रमा आवश्यक संरचनात्मक परिवर्तन गर्न सक्नुभएन भने, कस्मेटिक सुशासनका सुधारहरूले मात्र जनताले खोजेको रुपान्तरण सम्भव छैन ।

**आर्थिक नीतिका कठिनाई र द्विधा**

अहिलेको नवउदारवादी आर्थिक व्यवस्थाको वर्चस्व भएको विश्वमा नेपाल जस्तो आर्थिक रूपले सीमान्तीकृत देशहरूलाई आर्थिक सुधार गर्न विश्वस्तरकै संरचनात्मक बाधाहरू छन् । अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू मात्र होइन, अन्तरसम्बन्धित विश्व अर्थतन्त्रमा, बहुराष्ट्रिय कम्पनीहरूको पनि प्रभाव बढ्दो छ । हालैको एक प्रतिवेदन अनुसार एप्पल कम्पनीको कुल बजार पुँजीकरण विश्वका देशहरूको कुल घरेलु उत्पादनसँग तुलना गर्ने हो भने, यो विश्वको सातौं स्थानमा पर्दछ । यस्तो विश्व अवस्थामा ठूला र सम्पन्न देशहरूले त आफ्नो आवश्यकताअनुसार आर्थिक नीति लागु गर्न सक्दैनन् भने, त्यसो गर्न नेपाललाई अत्यन्तै चुनौतीपूर्ण छ । उदारवादी अर्थतन्त्र नअँगाल्दा विश्व अर्थतन्त्र उल्टो दिशामा हुने र उदारवादी अर्थतन्त्र अपनाउँदा चरम आर्थिक असमानता बढ्ने जोखिम छ । नेपालकै उदाहरण हेर्ने हो भने पनि आर्थिक उदारीकरणभन्दा पहिला सन् १९८५ मा नेपालको आर्थिक असमानता (जसलाई गिनी सूचकाङ्कमा मापन गरिन्छ) ०.३० थियो भने आर्थिक उदारीकरण पछि त्यो सन.१९९५-९६ मा ०.४३ मा वृद्धि भएको थियो । जबकी लोकतन्त्र आएपछि आर्थिक असमानता घट्छ होला भन्ने सबैको अपेक्षा थियो । यो बढ्दो आर्थिक असमानता हाम्रो सामाजिक असमानतासँग खप्टिन पुगेको थियो । जुन अवस्था माओवादी सशस्त्र विद्रोह सुरु गर्ने वस्तुगत पृष्ठभूमि बन्यो ।

माओवादी नेतृत्वको सरकारले त उदारवादी अर्थतन्त्रको विकल्प खोज्न सकेन भने अरू कसैसँग त्यो आशा राख्न पनि सकिँदैन । तर, उदारवादी अर्थतन्त्र अपनाउँदै गर्दा आर्थिक असमानतालाई कसरी न्यूनीकरण गर्ने भन्ने ध्यान नपुग्दा भने फेरि विद्रोह हुन सक्छ भनेर गत भदौको विद्रोहले देखाइसकेको छ ।

यो विद्रोहका संरचनात्मक कारणहरू खोतल्ने हो भने आर्थिक असमानता मुख्य हो । पछिल्लो समयमा नेपालको आर्थिक असमानतामा तीव्र वृद्धि भएर विश्वकै उच्च विन्दु (१५७ देशहरूमध्ये १३८ औं)स्थानमा पुगेको थियो । एउटा प्रतिवेदन अनुसार नेपालमा १० प्रतिशत धनीको सम्पत्ति ४० प्रतिशत गरिब जनताको भन्दा तीन गुणा बढी छ । उदारवादी आर्थिक नीति अपनाए पनि कसरी आर्थिक असमानता न्यून गर्ने भन्ने सिक्नका लागि नर्डिक देशहरू उत्तम उदाहरण हुन सक्छन् ।

त्यसैले नयाँ प्रधानमन्त्रीको चुनौती भनेको रास्वपाको वाचापत्रमा भएको आर्थिक वृद्धि हासिल गर्नु मात्र नभएर उदारवादी आर्थिक संरचनामा आर्थिक असमानतालाई न्यूनीकरण गर्न सक्नु पनि हो । यदि आर्थिक वृद्धि असमान भयो भने जति नै प्रगति भए तापनि जनताले राहत महशुस गर्दैनन् भन्ने त बंगलादेशको युवा विद्रोहको उदाहरणले पनि देखाएको छ ।

**भूराजनीतिक शक्ति सन्तुलन**

अहिलेको बहुध्रुवीकृत व्यवस्थामा लम्कँदै गरेको विश्वमा नेपालका दुई छिमेकी, विश्वमा अमेरिकाको एकाधिकार प्रभुत्वको चुनौतीका रूपमा उदाएका छन् । त्यसैले यी तीन शक्तिबीच प्रतिस्पर्धा अत्यन्तै कडा छ, जुन नेपालमा आफ्नो प्रभाव जमाउने हकमा पनि लागु भएको देखिन्छ । यस्तो अवस्थामा नेपालले आफ्नो विगतमा अपनाएको शक्ति सन्तुलनको रणनीतिलाई अहिलेको आवश्यकता अनुसार परिमार्जन गर्नु नयाँ प्रधानमन्त्रीको अर्को मुख्य चुनौती हो ।

वि. सं २०७९ को चुनावपछि सरकार बेलाबेलामा परिवर्तन भइरहनुमा हाम्रो आन्तरिक कमजोरी मात्र नभएर भू-राजनीतिक चलखेल पनि जिम्मेवार रहेको प्रष्ट नै देखिन्छ ।

विगतका घटना क्रमलाई हेर्दा के देखिन्छ भने बीआरआइ नेपालका नेताहरूलाई उम्कनै नसक्ने चक्रव्यूह भएको थियो । सम्झौता भइसकेकाले बीआरआइ कार्यान्वयन भएन भने उत्तरको छिमेकी चीन(जुन विश्वको दोस्रो शक्ति पनि हो)ले दबाब दिनेछ । तर, कार्यान्वयनका लागि अलि अगाडि बढ्यो कि हाम्रो नजिकको छिमेकी भारत र विश्वकै शक्तिशाली देश

– बाँकी पृष्ठ ३ मा

# ट्रम्पको धम्की विरुद्ध मानव साङ्लो बनाउँदै इरानीहरू

**एजेन्सी :** खाडी क्षेत्रको युद्ध थप तनावपूर्ण बन्दै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'सभ्यता नै खतम पार्ने' धम्की दिएका छन् । गत फेब्रुअरीमा सुरु भएको अमेरिकी-इजरायली हमला पश्चात् इरानले 'स्ट्रेट अफ हर्मुज'मा कडाइ गरेपछि विश्वभर इन्धनको मूल्य बढ्यो ।

हर्मुजबाट अमेरिका, इजरायल तथा उनीहरूका सहयोगी मुलुकका जहाज वारपार हुने रोक्ने इरानी घोषणासँगै युद्ध थप पेचिलो बन्दै गएको छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले हर्मुजको नाका खोल्न पटक पटक दबाब दिँदै आएका थिए । पछिल्लो पटक उनले सामाजिक सञ्जाल 'ट्रुथ सोसियल'मा लेख्दै इरानमा एउटा सभ्यता नै समाप्त हुन सक्ने धम्की दिएका छन् ।

धम्कीको चौतर्फी विरोध भइरहँदा इरानमा भने आम मानिसहरू महत्त्वपूर्ण सार्वजनिक संरचनाको वरपर भेला भएर 'मानव साङ्लो' बनाउन थालेका छन् ।

इरानी सञ्चार माध्यमहरूका अनुसार पुल, बिद्युत् संरचना लगायत पूर्वाधार वरपर भेला भएका इरानीहरू अमेरिका विरुद्ध नाराबाजी गरिरहेका छन् ।

यसैबिच विभिन्न मुलुकमा रहेका इरानी दूतावासहरूले आफ्नो ट्विटर ह्यान्डल मार्फत ट्रम्पको धम्कीको खिल्ली उडाइरहेका छन् ।

उनीहरुले ट्रम्पको धम्कीपूर्ण स्ट्याटस शेयर गर्दै 'चाबी दह्रोसँग सम्हाल्न' आग्रह गरेका छन् । 'हर्मुजको बाटो खोल' भन्ने ट्रम्पको धम्कीको जवाफमा उनीहरुले 'चाबी हरायो' भन्दै ट्रोल गरिरहेका छन् ।

## महोत्तरीमा दुई मोटरसाइकल...

परीक्षा सकिएपछि साथै आइरहेका दुवै मोटरसाइकल ठोक्किएर दुर्घटना भएको हो । त्यही बेला पोखिएको पेट्रोलले घाइतेको शरीरमा आगो सल्किएर तीन जनाको मृत्यु भएको प्रहरी निरीक्षक साहले बताए ।

महेन्द्र आदर्श महिला मावि जलेश्वरमा अध्ययनरत जलेश्वर-६ का सुभाष दास, रवि दास, रोहित दास र अभय कापर एउटै मोटरसाइकलमा सवार थिए । उनीहरू एकडारा गाउँपालिका-६ स्थित जनता माध्यमिक विद्यालय कोल्हुवा बगियाबाट जलेश्वरतर्फ आउने क्रममा दुर्घटनामा परेका थिए । चार जना सवार बीएपीआरए-०६-००७ पीए ०७१७ नम्बरको सुपर स्पलेन्डर मोटरसाइकल रोहित दासले चलाएका थिए। मोटरसाइकल चालक रोहित घाइते छन् ।

पछाडि सवार सुभाष दास र रवि दासको घटनास्थलमै मृत्यु भएको हो । उनीहरूका अर्का साथी अभय कापर घाइते छन् । मृतकद्वय दास दाजुभाइका छोरा हुन् । एउटै परिवारका दुई जनाको मृत्यु भएपछि जलेश्वर-६, साउजिपट्टी शोकमा डुबेको छ । उनीहरूका परिवारमा रुवाबासी छ। चारै जना एउटै मोटरसाइकलमा परीक्षा दिन गएको र फर्किएको महेन्द्र आदर्श महिला माविका एसईई परीक्षार्थी विक्की मण्डलले देखेको प्रधानाध्यापक बैजनाथ महासेठले बताए ।

परीक्षा दिएर फर्किरहेका विद्यार्थी सवार मोटरसाइकल एकडारा-३, अजमरपट्टीका अभिशेष मण्डल र जयकुमार महतो सवार प्रदेश २-०२-००३ प ८६३४ नम्बरको अपाचे मोटरसाइकलसँग ठोक्किएको थियो । अपाचे मोटरसाइकलमा सवार मण्डलको मृत्यु भएको छ । महतो घाइते भएका छन् ।

दुर्घटनामा मृत्यु भएका छात्रको परिवार आर्थिक रूपले कमजोर छन् । परिवारका अनुसार एसईई परीक्षा दिएर सुभाषले रोजगारीका लागि विदेश जाने योजना सुनाएको उनका सहपाठी बिक्की मण्डलले बताए । 'दुवै जनाको पढाइ ठिकठाक थियो,' बिक्कीले भने, 'रवि कहिलेकाहीँ मात्र विद्यालय आउँथ्यो । सुभाष त परीक्षा सकेपछि कमाउन विदेश जान भन्दै थियो ।' आफूहरूले फरक-फरक कोठामा परीक्षा दिए पनि आवतजावत गर्दा भेटघाट हुने गरेको बिक्कीले बताए । मोटरसाइकलमा चार जना सवार भएको प्रहरीले देखे पनि केही नगरेको बिक्कीले बताए ।

दुर्घटनामा घाइते तीन जनालाई जलेश्वरमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि जनकपुर पठाइएको छ । घाइतेको अवस्था गम्भीर छ। दुई जनालाई प्रादेशिक अस्पताल जनकपुरको आईसीयूमा राखिएको छ ।

मृतकको जलेश्वर प्रादेशिक अस्पतालमा पोस्टमार्टपछि शव परिवारलाई जिम्मा लगाइएको छ । प्रहरीका अनुसार दुवै मोटरसाइकलमा गरी ६ जना सवार रहेको र विस्तृत अनुसन्धान भइरहेको छ । तीव्र गतिका कारण दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको छ । जलेका कारण परिवारले बताएकै नम्बर अनुसारका मोटरसाइकल हुन/होइन यकिन नभएको प्रहरीले जनाएको छ ।

## सम्झौताविपरीत उत्खनन्...

महतोलाई निर्देशन दिएको तर पछि सबै स्टक लगेको आफूले थाहा पाएको बताए । उनका अनुसार त्यसबेला जथाभावी २५ फिट गहिरोसम्म खनेर सम्झौताविपरीत धेरै परिमाणमा ग्राभेल झिकिएको थियो । बटेश्वर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेवती पौडेलका अनुसार त्यस बेलाको स्टक जफत गर्ने कुरा भएको थियो । 'स्टक नाप जाँच गर्ने, जफत गर्ने कुरा भएको थियो । तर सुरक्षाको कारण गाह्रो भएको थियो,' उनले भने, 'संरक्षणको लागि प्रहरी खटाइएको थियो । केही दिन प्रहरीले हेरबिचा गर्‍यो । तर राति-राति के कसरी सबै स्टक लगे ।' पौडेल साउन २०८१ मा आएका थिए । उनका अनुसार समन्वय समितिको सिफारिसपश्चात खोलाको अवैध र धेरै परिमाणमा अवैध उत्खनन गरे पनि कारबाही भएको छैन । सप्लायर्सबाट सम्झौता अनुसारको मात्र राजस्व संकलन भयो । तर अत्यधिक मात्रामा खनेकोमा केही भएन । ठेक्का प्रक्रियामा पालिका प्रमुख रामआशिष महतो, उपाध्यक्ष फूलकुमारी महतो, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजगिर महतो, राजस्व शाखा प्रमुख प्रमोदकुमार सिंह, लेखा अधिकृत सुमन पुरी, इन्जिनियर जितेन्द्र यादव, अधिकृत सुलेखा महतोलगायत संलग्न थिए ।

ठेकेदारले सम्झौताविपरीत खोलाको अवैध दोहन गरेको, पालिकाले जफतको प्रक्रियामा राखेको ग्राइभेलको स्टकसमेत उठाएर लगेको अवस्थामा पनि राजस्व दाखिला नगराउनु र पालिकाले कुनै कारबाही नगर्दा जनप्रतिनिधि र कर्मचारीको मिलेमतो हुनसक्ने शंका उब्जेको छ। यसको छानबिन गर्नुपर्ने स्थानीयको माग छ ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan),
MPH(USA, Dhaka)

डाक्टर भेटने समय :
प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

## अर्थतन्त्रको लागत घटाउने...

बाहिर रहेका विद्यार्थीलाई लक्षित नयाँ शैक्षिक प्रणाली विकास गर्ने उद्देश्य प्रस्तावमा समेटिएको छ ।

उनले विकसित गरेको भनिएको नयाँ शिक्षण विधि 'विन्दुबाट निर्मित सञ्जाल'मा आधारित रहेको र यसले हाइस्कुल तहमा असफल हुने वा पछाडि परेका विद्यार्थीलाई प्रभावकारी विकल्प दिन सक्ने दाबी गरिएको छ । उक्त प्रणाली कार्यान्वयनका लागि पुँजीगत कोष व्यवस्थापनमा सरकारको सहयोग आवश्यक रहेको पत्रमा उल्लेख छ । यद्यपि, मुख्यमन्त्री यादवको सचिवालयका अनुसार पत्र शुक्रबार नै प्राप्त भइसकेको भए पनि यसबारे औपचारिक प्रतिक्रिया वा छलफलको समय निर्धारण भएको छैन । प्रस्तावक कर्णले भने जनप्रतिनिधिबाट यस्ता विषयमा बेवास्ता हुनु दुःखद भएको टिप्पणी गर्दै यसले सर्वसाधारणप्रति उपेक्षाको संकेत गरेको बताएका छन् ।

## प्रदेशको आर्थिक विकासमा निजी...

जोड दिँदै लगानी प्रवर्द्धनका लागि सहजीकरण गर्न स्थानीय तहले पनि आपश्यक भूमिका खेल्ने बताए ।

कार्यक्रममा महासङ्घका नवनिर्वाचित अध्यक्ष विजयकुमार साहले उद्योगी-व्यवसायीको हित संरक्षण गर्दै प्रदेशमा लगानीमैत्री वातावरण निर्माणका लागि आफू सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे । उनले निजी क्षेत्र र सरकारबीच समन्वय बढाउँदै आर्थिक गतिविधि विस्तार गर्ने आफ्नो प्राथमिकता रहेको उल्लेख गरे ।

कार्यक्रमका अध्यक्ष तथा महासङ्घ, मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले मधेस प्रदेशको आर्थिक समृद्धिका लागि उद्योगी-व्यवसायी एकजुट भएर अगाडि बढ्नुपर्ने बताए । उनले प्रदेशमा उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार विकास र नीतिगत स्थिरता अपरिहार्य रहेको धारणा व्यक्त गरे ।

## प्रधानमन्त्रीका तीन...

अमेरिकालाई असह्य हुने अवस्था रहन्छ । नयाँ प्रधानमन्त्रीलाई पनि बीआरआइ जस्ता विषयहरूलाई कसरी सम्बोधन गरेर भू-राजनीतिक शक्ति सन्तुलन मिलाउने भन्ने चुनौती छ । अहिले चीन र अमेरिकाबीचको शक्तिको अन्तर पहिलाभन्दा धेरै घटेको छ । छिट्टै चीनको शक्ति अमेरिकाकै हाराहारीमा पुग्ने अनुमानहरू पनि छन् ।

कुनै पनि मुलुक विश्वको शक्तिशाली हुनका लागि पहिला ऊ क्षेत्रीय रूपमा शक्तिशाली हुनु अनिवार्य हुन्छ । त्यसैले यदि बीआरआइ चीनले चाहे जस्तो कार्यान्वयन भएन वा सम्झौता रद्द भयो भने, पहिलो शक्ति हुने दौडमा रहेको चीनले आफ्नो क्षेत्रीय प्रभुत्वतामाथिको चुनौती बुझ्नेर नेपाललाई अकल्पनीय क्षति गर्न सक्छ। यदि बीआरआइलाई सशक्त रुपमा कार्यान्वयनका लागि अगाडि बढाईयो भने भारत र अमेरिकालाई अमान्य हुन सक्छ। यसलाई रोक्न झण्डै दुई तिहाइकै सरकार ढाल्न पनि उनीहरू पछि हट्ने छैनन् । बीआरआइ त एउटा उदाहरण मात्र हो । वर्तमान विश्व परिस्थितिले नेपालका लागि शक्ति सन्तुलनका लागि यस्ता प्रचुर चुनौतीहरू खडा गरेको छ। यस्ता चुनौतीहरू रणनीतिक हिसाबले सम्बोधन गरेर देशको सार्वभौमिकता जोगाउनु नयाँ प्रधानमन्त्रीको अर्को मुख्य चुनौती हो। माथि उल्लिखित मुख्य चुनौतीहरूलाई सम्बोधन गर्न सके हाम्रा नयाँ युवा प्रधानमन्त्रीलाई नेपाली इतिहासकै सबैभन्दा सफल प्रधानमन्त्री बन्ने अवसर छ । जनताले झण्डै दुई तिहाइले उनलाई सहज बहुमत दिएका छन् जसले गर्दा विगतका गणतान्त्रिक प्रधानमन्त्रीहरूले भोगेका गठबन्धनको चुनौतीहरू उनले भोग्नु पर्ने छैन। उनले आरामसाथ जनताको दैनिक जीवन सुधार गर्न संरचनात्मक परिवर्तनहरू लागु गर्न सक्छन् ।

अन्त्यमा मलाई डेनमार्कको एउटा पूर्वमन्त्री तथा बरिष्ठ नेताले भनेको सन्दर्भ जोड्न मन लागेको छ। मैले उनलाई 'सरकारमा गएर सफल हुनका लागि एउटा नेताले के गर्नु पर्छ ?' भनेर सोधेको थिएँ। मेरो प्रश्नको उत्तर दिँदै उनले भनेका थिए, 'सरकारमा गएपछि जस्तै त्यागी नेता पनि पदको आसक्ति र आडम्बरमा अलमलिन पुग्छन् । शक्तिको अन्तरनिहित चरित्र नै यस्तो हुन्छ कि यो नशा बन्न थाल्छ । यदि यो नशाबाट बच्न सकेर शक्ति जति नै आकर्षक भए तापनि यो कसैको लागि स्थायी हुन सक्दैन भनेर आत्मसात् गर्न सक्यो र आफ्नो मुख्य उद्देश्य जनताको जीवनमा सुधारलाई – प्राथमिकतामा राख्न सक्यो भने मात्र सरकारमा गएका कुनै नेता असफल हुँदैनन् । उनले पदको आडम्बरमा नअलमलिएकै कारण आफू सफल भएको पनि बताएका थिए । यो अनुभव हाम्रा नयाँ युवा प्रधानमन्त्रीलाई पनि सान्दर्भिक हुन सक्छ ।

## बढी शुल्क लिने निजी...

शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता महेन्द्र सुवेदीले शिक्षा मन्त्रालयबाट भएको निर्देशनलाई कार्यान्वयनका क्रममा शिक्षा विकास तथा समन्वय विकास एकाइद्वारा आवश्यक समन्वय र सहजीकरण गरिने बताए । उनले वैशाख १५ गतेदेखि मात्रै विद्यार्थी भर्ना गर्न र कक्षा सञ्चालन गर्न सबै विद्यालयलाई आग्रह गरे। अधिकांश निजी विद्यालयमा भर्ना वैशाख १५ अगावै हुने स्थिति देखिन्छ ।

शिक्षाविद् डा. बालचन्द्र लुईंटेलले शैक्षिकसत्रको सञ्चालनमा एकरूपता ल्याउन र निजी विद्यालयको शुल्क व्यवस्थापनमा नियमको पालना गराउनु राम्रो भएको बताए । उनले भने, "शिक्षा जस्तो सामाजिक क्षेत्रमा नियमन गर्नु अत्यावश्वक छ । विगतका सरकारले भन्दा अहिलेको सरकारले कानुनको कार्यान्वयनमा तदारुकता देखाउनु सकारात्मक हो ।" काठमाडौंको रानीदेवी माध्यामिक विद्यालयका प्रधानाध्यपक नारयणप्रसाद गौतमले वैशाख १५ गतेदेखि शैक्षिकसत्र सुरु गर्ने सरकारको निर्णय आफूहरूले कार्यान्वयन गर्ने तर भर्ना प्रक्रिया त्यसअघि नै थाल्ने तयारी गरेको बताए । उच्चशिक्षालय तथा माध्यमिक विद्यालय सङ्घका महासचिव रामहरि सिलवालले शिक्षा क्षेत्र आफैँमा महत्वपूर्ण, गरिमामय र संवेदनशील क्षेत्र भएकाले यस्ता विषयमा निर्णय गर्दा सरकारले सरोकार भएका पक्षसँग संवाद गर्नु उचित भएको बताए । उनले विगतमा शैक्षिकसत्रको एक महिना अगाडिदेखि भर्ना लिइँदै आएकामा यस वर्ष वैशाख १५ देखि शैक्षिकसत्र सञ्चालन भनिएपछि यसको व्यवहारिक कार्यान्वयनमा अन्योल उत्पन्न भएको गुनासो गरे । विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिकसत्र सुरु नभएको तथा शिक्षा नियमावली बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्र समेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न सर्वोच्च अदालतबाट अन्तरिम आदेश दिइएको थियो । यसअघि हरेक वैशाख २ गतेदेखि शैक्षिकसत्र सञ्चालन हुँदै आएको थियो ।

## महोत्तरीका वनमा माहुरी...

सबैभन्दा पाका ७७ वर्षीय अशोक बस्नेतको प्रेरणाले आफूहरू माहुरीमा रमेको बस्नेत र कार्कीको भनाइ छ । "म कमाउन भनेर सउदीअरेबिया पनि गएँ, भनेजस्तो काम नपाएर फर्केपछि यहीँ माहुरीपालनमा लागे", सुरेशले भने, "यसै व्यवसायबाट केही गर्न सकिन्छ भन्ने विश्वास पलाएको छ । पछिल्ला तीन/चार वर्षयता राम्रै कमाइ भइरहेको छ ।"

मामा अशोकको प्रेरणाले आफू माहुरीपालनमा लागेको र अब यही व्यवसायबाट सन्तुष्टि मिलेको कार्कीको भनाइ छ । उद्यम सञ्चालन गर्न चितवनका कृषिसम्बद्ध सरकारी कार्यालय र स्थानीय तहले अनुदान दिएकाले व्यवसाय सञ्चालनका लागि आफूहरूलाई सहयोग पुगेको मौरीपालक किसानले बताउने गरेका छन्, तर कुकाठबाट बन्ने घारमा बढी रकम काटिँदा अनुदान रकमको ठूलो हिस्सा त्यसैमा जाने गरेको धेरैजसोको चनाइ छ ।

"कृषि कार्यालयले यस्ता घार अनुदान रकमबाट कट्टा हुनेगरी उपलब्ध गराउँछन्, यसको मूल्य प्रतिघार तीन हजार ५०० काटिन्छ", सुरेश भन्छन्, "सरकारले हामीलाई कुकाठ उपलब्ध गराए हामी आफैँ कम लागतमा घार बनाउँथ्यौँ । यो व्यवस्था हुन नसक्दा अनुदान रकमको ठूलो हिस्सा घारमै जाने गरेको छ ।"

महोत्तरी माहुरीका लागि राम्रो चरणको क्षेत्र भए पनि यही जिल्लाका किसान भने यसतर्फ आकर्षित हुनसकेका छैनन् ।

# सरकारलाई दबाब दिन पत्रकार महासंघद्वारा अभियान सञ्चालन

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, चैत्र २४ गते ।*

सरकारलाई दबाब दिन नेपाल पत्रकार महासङ्घले पहिलो चरणको अभियान सञ्चालन गरेको छ ।




मंगलवार महासङ्घले विज्ञप्ति जारी गरी सरकारी सञ्चारमाध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै सङ्घीय मन्त्रालय, आयोग र सचिवालय, प्रदेश र स्थानीय तहहरूलाई जारी गरिएको परिपत्र तत्काल फिर्ता गर्नेतर्फ सकारात्मक पहल नभएको भन्दै सरकारलाई दबाब दिन महासङ्घले पहिलो चरणको अभियान सञ्चालन गर्ने निर्णय हो ।

महासङ्घले सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनालाई भेटी निर्णय खारेज गर्न यस विषयमा ध्यानाकर्षण गराइएको पनि जनाएको छ । महासङ्घले बुधबार त्यसबारे महासङ्घका पूर्वअध्यक्ष, बिहीबार राष्ट्रिय दैनिक, साप्ताहिक, अनलाइनका सम्पादक र शुक्रबार राजनीतिक दलका संसदीय दलका नेतासँग छलफल गर्नेसमेत जनाएको छ ।

महासङ्घले सञ्चार तथा सूचना प्रविधिमन्त्री विक्रम तिमिल्सिनालाई भेटी निर्णय खारेज गर्न माग गरे पनि सुनुवाइ नभएको महासङ्घका महासचिव रामप्रसाद दाहालले बताए ।

सरकारी निर्णय निजी सञ्चारमाध्यम र स्वतन्त्र पत्रकारिताको हितविरुद्ध देखिएकोले महासङ्घले दबाब अभियान अन्तर्गत चैत २५ गतेबाट दबाब बढाउन लागेको हो ।

यस अवधिमा पनि माग पूरा नभए दबाबका थप कार्यक्रम गरिनेछ । केन्द्रीय समितिले तय गरेका दबाब कार्यक्रम प्रदेश समिति र शाखाहरूले गर्ने पनि तय भएको छ ।

यसका साथै श्रमजीवी पत्रकारलाई नियमित पारिश्रमिक र सेवा-सुविधा उपलब्ध गराउन सञ्चार गृहहरूसँग महासंघले अनुरोध समेत गरेको छ ।

# महोत्तरीका वनमा माहुरी चराउँदै चितवनका किसान

**राष्ट्रिय समाचार समिति**

*महोत्तरी, चैत्र २४ गते ।*

पूर्वपश्चिम राजमार्ग दायाँबायाँ महोत्तरीका वन क्षेत्रमा हाल चितवनका किसान माहुरी चराउन व्यस्त छन् । वसन्त ऋतुका बेला वन क्षेत्रका ‘इक्युलिप्टिस’ (मसला) का रूखमा ढकमक्क फूल खिलेको बेला पारेर चितवनका किसान यहाँ माहुरी चराउन आइपुगेका हुन् ।



यसपालि यहाँ ठूलो हुरीबतास र असिना नपर्दा माहुरीलाई अनुकूल मौसम भएको माहुरीपालक किसानको भनाइ छ । “यहाँका वनमा फागुनको सुरुवातदेखि नै वनस्पतिमा राम्ररी फूल फुलेका छन्, त्यसैले माहुरी चराउन यहाँ आएका हौं”, चितवन खैरहनी-४ का ४५ वर्षीय सुरेश बस्नेत भने ।

उनले यसपालि फागुन पहिलो साता महोत्तरीका वनमा राखेका दुई ८४ घार माहुरीबाट हालसम्म २० क्विन्टल मह उत्पादन भएको जानकारी दिए । “अझै छ/सात क्विन्टल उत्पादन हुन्छ होला । यसपालि हालसम्म महबाट १० लाख जति आम्दानी लिइयो । यहाँका वनका वनस्पतिका फूलमा प्रशस्त रस हुँदा राम्रो मह उत्पादन भएको हो”, बस्नेतले भने ।

चितवन कालिका-७ का अशोक बस्नेतले यहाँका विभिन्न क्षेत्रमा एक सय २५ घार माहुरी राखेको छ । उनले गत फागुन पहिलो सातायता हालसम्म आठ क्विन्टल मह उत्पादन भएको बताए । यस्तै, खैरहनी-८ का ३५ वर्षीय युवराज कार्कीले एक सय तीन घार माहुरीबाट सात क्विन्टल मह उत्पादन गरिसकेको बताए ।

- बाँकी पृष्ठ ३ मा

# प्रदेशको आर्थिक विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका : मुख्यमन्त्री यादव

**राष्ट्रिय समाचार समिति**

*महेन्द्रनगर, चैत्र २४ गते ।*

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको समग्र आर्थिक विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।



नेपाल उद्योग वाणिज्य महासङ्घ, मधेस प्रदेशको मंगलवार जनकपुरधाममा आयोजित सातौँ प्रदेशसभाको उद्घाटन समारोहमा उनले नीजि क्षेत्रलाई प्रोत्साहन र लगानीमैत्री वातावरण निर्माणमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

मुख्यमन्त्री यादवले भने,“निजी क्षेत्रको सक्रियताबिना आर्थिक समृद्धि सम्भव छैन । त्यसैले सरकारले नीतिगत सुधार र सहजीकरणमार्फत लगानी आकर्षित गर्ने वातावरण बनाउँदैछ ।”

मधेस प्रदेश, नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. सोहन साहले दीगो र समावेशी विकासका लागि दीर्घकालीन योजनाको आवश्यकता औँल्याए । उनले उत्पादनमूलक क्षेत्रलाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्नेमा जोड दिए ।

महासङ्घ, लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण पराजुलीले प्रदेशबीचको सहकार्य र अनुभव आदानप्रदानले उद्योग व्यवसाय विस्तारमा टेवा पुग्ने विचार व्यक्त गरे । उनले आर्थिक समृद्धिका लागि निजी क्षेत्रलाई सशक्त बनाउनु आवश्यक रहेको बताए ।

जनकपुरधाम उपमहानगरपालिका प्रमुख मनोज साहले स्थानीय तह र निजी क्षेत्रबीच सहकार्यमा

- बाँकी पृष्ठ ३ मा

# बढी शुल्क लिने निजी विद्यालयमाथि अनुगमन हुँदै

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, चैत्र २४ गते ।*

आगामी वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्रको सञ्चालन र मापदण्ड विपरीतको भर्ना शुल्क फिर्ता गराउन सङ्घीय सरकारले स्थानीय सरकारलाई पत्राचार गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहलाई पत्राचार गरी निजी (संस्थागत) विद्यालयहरूमा लिइँदै आएको कानुनविपरीत भर्ना र अन्य शुल्क फिर्ता गराउन यही चैत २२ गतेको शिक्षा मन्त्रालयको निर्देशन कार्यान्वयन र अनुगमनका लागि आग्रह गरेको हो ।

इन्धन आपूर्तिको असहजताका कारण वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र सञ्चालन गर्न सोही दिनको नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भएको थियो । विद्यालय तहको सञ्चालन र अनुगमनका लागि स्थानीय तहलाई संविधान: अधिकार रहेको छ ।

नयाँ शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना नगर्न सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गराउन शिक्षा मन्त्रालयले तदारुकता देखाएको हो । सरकारले विद्यमान कानुन विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाएको हो ।

शिक्षा मन्त्रालयले प्रचलित कानुनअनुसार भर्ना भएपश्चात मात्र स्वीकृत गरिएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुँदाहुँदै विद्यार्थीबाट अग्रिम शुल्क असुल गरिएको, साथै स्वीकृत भएको भन्दा बढी शुल्क लिएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिएको गुनासो आएपछि कारबाही गर्न पहल गरेको हो ।

यस्तै, एउटै विद्यालयमा एक पटक भर्ना भएपश्चात पनि पटकपटक भर्ना शुल्क लिएको जस्ता गुनासो आएको र सर्वोच्च अदालतबाट फैसला भए बमोजिम शैक्षिकसत्र सुरु नहुँदै भर्ना नगर्न, नियमविपरीत शुल्क नलिन, कानुनी प्रावधानभन्दा बाहिर हुनेगरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कारवाही गर्ने व्यवस्थाका लागि सम्पूर्ण स्थानीय तहलाई पत्राचार गरिएको हो ।

मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शैक्षिकसत्र प्रारम्भ भएपछि मात्रै विद्यार्थी भर्ना गराउन तथा शुल्क मापदण्ड विपरीत शुल्क नलिन व्यवस्था मिलाउन र गैह्रकानुनीरूपमा त्यसरी शुल्क लिइएको पाइए शुल्क फिर्ता नगर्ने विद्यालयलाई शिक्ष ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्था बमोजिम कारवाही हुन सक्नेतर्फ समेत सचेत गराइएको बताए ।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम ५४ को ४ र नियम ७८ को (ग) को व्यवस्था तथा सर्वोच्च अदालतको यही चैत २० गतेको आदेशको उल्लङ्घन गरी शैक्षिकसत्र अगावै विद्यार्थी भर्ना गर्ने कार्यलाई पनि दण्डनीय हुनेतर्फ सचेत गराइएको छ ।

- बाँकी पृष्ठ ३ मा

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री